आर्थिक वर्ष 2026

# नेपाली विदेशी विद्यार्थीहरूको लागि जापानीज भाषा वक्तृत्वकला प्रतियोगिता सम्बन्धी सूचना

जापानीज भाषा वक्तृत्वकला प्रतियोगितामा नेपाली विद्यार्थीहरुलाई भाग लिनको लागि आवेदनको अनुरोध। आफ्नो दैनिक अध्ययनको उपलब्धीको मापनको लागि आवस्य भाग लिनु होला। विजेताहरुले इन्टरनेसनल ह्यूमेन रिसर्च नेटवर्क ओर्गनाईजेसन फाउन्डेसनको छात्रवृत्ति प्राप्त गर्ने सक्नुहुनेछ।

**【आयोजना हुने मिति, समय र स्थान】** (फाइनल)

मिति र समय: 2026 अक्टोबर 25, (आइतबार) दिउसो 2:00 बजे देखि 3:30 सम्म

स्थान: मिनना नो मोरी गिफु मिडिया कोसमोस दोकी दोकी टेरस

**【विजेता छात्रवृत्ति रकम】**

प्रथम : 100,000 येन, द्वितीय: 50,000 येन, तृतीय: 30,000 येन ※IHNO छात्रवृत्ति भुक्तानी नियम अनुसार।

**【वक्तृत्वकला प्रतियोगिताको विषय, समय अवधि】**

・**विषय स्वतन्त्र छ।** 「जापानीहरूलाई जानकारी गराउन चाहेको नेपालका जीवनशैली र वर्तमान अवस्था」 वा
「जापानमा अध्ययन अनि अनुभब बाट थाहा पाएको कुरा (राम्रा र नराम्रा कुराहरु)」,
「गिफु शहरमा जीवनबारे」, 「भविष्यमा पूरा गर्न चाहेको मेरो सपना」 आदि।

・समय अवधि **5 मिनेटभित्र।**

※स्पीचको बिषय मौलिक र अप्रकाशित हुनुपर्छ।

**【योग्यता】**

① नेपाली नागरिक भइ जापानमा अध्ययरत विदेशी विद्यार्थी।

② जापानी शैक्षिक संस्था (स्नातकोत्तर, स्नातक, वोकेशनल स्कूल वा जापानी भाषा विद्यालय) को विद्यार्थी।

③ अध्यागमन नियन्त्रण र शरणार्थी मान्यता ऐनको दफा19 को अनुच्छेद 2 अन्तर्गत अनुमति लिई, नियमको पालना गरी पार्टटाइम गर्दै आफ्नो अध्ययनमा लगनशीलता भएको विद्यार्थी।

④ माथि १देखि ३को सबै योग्यताहरु पुरा गर्नुको अतिरिक्त निम्न मध्ये एउटा योग्यता पुरा गरेको विद्यार्थी।

(a) गिफु सिटीमा बसोबास भएको।

(b) गिफु सिटी भित्रको शैक्षिक संस्थामा अध्ययन गर्दै गरेको।

(c) गिफु सिटी भित्र पार्टटाइम काम गर्दै गरेको।

⑤ ① देखि ④ लाई पुष्टि गर्न सक्ने कागजातहरू पेश गर्न सक्ने।

⑥ दोस्रो र तेस्रो छनौटमा उपस्थित हुन सक्ने।

(उदाहरण)
① जाइर्यू कार्ड
② अध्ययन प्रमाणपत्र, शिक्षा शुल्कको रसिद आदि
③ तलब विवरण, स्टाफ परिचयपत्र, सिफ्ट तालिका आदि
※④ का लागि, ①～③ का कागजातहरूबाट पुष्टि गर्न सकिएमा, पेश गर्नु पर्दैन।
※सबै कागजातहरूको प्रतिलिपि पेश गर्नुहोस्। आवेदन गर्ने बेलामा फोटो खिचेर पनि पेश गर्न सकिन्छ।

**【छनौट】**

प्रथम छनौट: कागजात बाट मल्यांकन ※10 जना जति चयन

दोस्रो छनौट: प्रारम्भिक राउन्ड (अक्टोबर 8 (बिहीबार) 16：00～18：00 अनलाइन आयोजना〈ZOOM〉) ※3 जना जति चयन

तेस्रो छनौट: फाइनल (अक्टोबर 25 (आइतबार) 14：00～15：30 कार्यक्रम स्थलमा आयोजना)

※छनोटको नतिजा इमेलमार्फत सूचित गरिनेछ। प्रारम्भिक छनोट तथा अन्तिम चरणको नतिजा सोही दिन घोषणा गरिनेछ।

**【आवेदन】**

अवधि: जुलाई 1 (बुधबार) - सेप्टेम्बर 30 (बुधबार)

आवेदनको: लोगो फारम: https://logoform.jp/form/BcLm/1572147

※एक जना व्यक्तिले एकभन्दा बढी आवेदन दिन सक्दैन।

**【अन्य】**

・आवेदकको व्यक्तिगत जानकारी यस प्रतियोगिताको कार्यान्वयन उद्देश्यका लागि मात्र प्रयोग गरिनेछ र आयोजक बाहेक अन्य तेस्रो पक्षलाई आवेदकको सहमति बिना प्रदान गरिने छैन। साथै, कार्यक्रम समाप्त भएपछि यसलाई नष्ट गरिनेछ।

・पेश गरिएका स्पीचको लेख यस प्रतियोगिताको एक भागको रूपमा प्रदर्शनस्थलमा प्रदर्शन गरिन सकिनेछ। त्यस अवस्थामा, सामग्री वा स्वरूपमा केही आंशिक सम्पादन गर्न सकिनेछ।

・फाइनलको बेला भिडियो/तस्बिर खिची गिफु सिटिको प्रचारप्रसार (वेबसाइट आदि) मा प्रकाशित गर्न सकिने भएकाले बुझिदिनु हुन अनुरोध छ।

**【सम्पर्क】**

गिफु सिटी इन्टरनेसनल अफेयर्स डिबिजन सिटी अट्याकटिभनेस प्रमोसन डिपार्टमेन्ट

TEL：058-214-6125 E-mail：world@city.gifu.gifu.jp

आयोजक：गिफु सिटी इन्टरनेसनल अफेयर्स डिबिजन सिटी अट्याकटिभनेस प्रमोसन डिपार्टमेन्ट, इन्टरनेसनल ह्युमेन रिसर्च नेटवर्क अर्गनाईजेसन फाउन्डेसन (IHNO)